श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मितिः २०८२/०४/०८

## प्रेस विज्ञप्ति

प्रजातन्त्रको पूनःस्थापना सँगै पेसाकर्मीहरुका हक, अधिकार, जनताका सेवा प्रवाहलाई ब्यवस्थित गर्ने, सुशासन, लोकतन्त्र, शान्ति र मानव अधिकारको पक्षमा आवाज उठाउदै पेसागत क्षेत्रको पहिलो राष्ट्रिय स्तरको ट्रेड युनियनको रुपमा नेपाल निजामती कर्मचारी संगठनको स्थापना २०४७ साल बैशाख ७ गते भएको हो । संगठनको स्थापनासँगै पेसागत आन्दोलनका साझा उद्देश्यहरु पूरा गर्न, वार्ता, संवाद र सामूहिक सौदावाजीका माध्यमबाट समस्याको निकास निष्कन्छ भन्ने मान्यतामा संगठन रहेको छ ।२०४८ सालमा भएको ५६ दिने ऐतिहासिक आन्दोलनको दौरानमा ऐक्यवद्धता प्रकट गर्न सहभागि हुँदा २०४८ श्रावण १५ गते प्रहरीको गोलीबाट खोटाङको दिक्तेलमा शाहदत प्राप्त गर्नु भएका सहिद मनोज जोशी, कर्मचारी आन्दोलनमा सहभागी हुँदा कास्कीमा झपेन्द्र कार्की, तत्कालीन मुगु जिल्ला कार्य समितिका अध्यक्ष सुरेन्द्र विश्वकर्मा समेतको बलिदानबाट आफुलाई ब्यवस्थित गर्दै १२ वटा महाधिवेशन सम्पन्न गरेको छ ।केन्द्रीय कार्य समिति, केन्द्रीय कार्य समिति अन्तर्गत १७ वटा केन्द्रीय विभागहरु, ७७ जिल्ला कार्य समिति र ४१ विभागीय कार्य समिति र करिव ५०० पालिका कार्य समिति मार्फत संगठनले आफ्ना गतिविधीहरु लाई व्यवस्थित रुपमा अगाडि वढीरहेको छ ।यिनै राष्ट्रिय सहिदहरुको स्मरणमा मनाउदै आएको सहिद स्मृति दिवस यस वर्ष पनि विविध कार्यक्रम गरी सम्पन्न गरिने छ ।सहिद स्मृती दिवसको सन्दर्भ पारेर २०८२ असार २९ गते भानु जयन्तीको अवसरमा उपत्यकाव्यापी कविता प्रतियोगिता तथा स्रष्टा सम्मान कार्यक्रम सम्पन्न भइ सकेको छ भने **"सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवस २०८२"** मा देहायका कार्यक्रमहरु भव्यतापूर्वक मनाउने व्यहोरा समेत अनुरोध गर्दछु ।

**सहिद स्मृति दिवस २०८२ का कार्यक्रमः**

**१) "अन्तर ट्रेड युनियन व्याडमिन्टन प्रतियोगिता"**

**मितिः** २०८२ श्रावण ९ र १० गते ।

**समयः** दिउसो ११:०० वजे देखि ।

**स्थानः** देवीनगर क्लब, बानेश्वर

**२) "वृक्षारोपण तथा गोडमेल कार्यक्रम"**

**मितिः** २०८२ श्रावण १० गते शनिवार ।

**समयः** विहान ८:०० वजे ।

**स्थानः** तीनकुने पुल भन्दा माथि, बानेश्वर क्याम्पस नजिक ।

**३) "बृहत् रक्तदान कार्यक्रम"**

**मितिः** २०८२ श्रावण ११ गते आईतवार ।

**समयः** विहान १०:३० देखि दिउसो ३:०० वजेसम्म ।

**स्थानः** सहिद स्मृति भवन केन्द्रीय कार्यालय, बवरमहल, काठमाडौं ।

**४) "राष्ट्र्व्यापी हाजिरी जवाफ प्रतियोगिता २०८२"**

**मितिः** २०८२ श्रावण १२ र १३ गते ।

**समयः** विहान ११:०० वजे ।

**स्थानः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

५) **"सहिद स्मृति मूल समारोह, उत्कृष्ट कार्यसमिति घोषणा, सम्मान तथा पुरस्कार वितरण  कार्यक्रम"**

**मितिः** २०८२ श्रावण १५ गते विहिवार ।

**समयः** दिउसो २.३० वजे ।

**स्थानः** क्वालिटी बैङ्क्वेट, बुद्धनगर, काठमाडौं ।

**संघीय निजामती सेवा विधेयक सम्बन्धी**

सगठनले विगत लामो समयदेखि उठान गरेका मागहरु संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीलाई निजामतीको परिभाषामा समावेश गर्नु पर्ने, कार्यालय प्रमुख हुने वाहेक संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृत आठौं तह वा सो भन्दा मुनिका कर्मचारीले आफ्नो पेसागत हक हितका लागि सामूहिक सौदावाजी सहितको राष्ट्रियस्तरको ट्रेड युनियनको गठन, कुनै पनि पदमा ५ वर्ष सेवा अवधि पुरा भएको कर्मचारीलाई एक तह वृद्धि र १० वर्ष वा सोभन्दा बढी सेवा अवधि पुरा भएको र तोकिए बमोजिमको योग्यता भएका कर्मचारीलाई एक श्रेणी वृद्धि गरी तह मिलान गर्नु पर्ने, सहायक चौथो तहमा पदपूर्ति गर्दा खुला ७० प्रतिशत, अन्तरतह २० प्रतिशत र बढुवा १० प्रतिशत, अधिकृत सातौं तहको पदपूर्तिमा खुला ५० प्रतिशत, बढुवा ४० प्रतिशत र  अन्तरतह १० प्रतिशत, एक पटक समायोजनको अवसर प्रदान गर्नु पर्ने, निवृत्तिभरण पाउने गरी नियुक्त भएको कर्मचारी प्रदेश र स्थानीय तहमा प्रदेश कानून बमोजिम नियुक्ति भएमा निवृत्तिभरण प्राप्त गर्ने प्रावधान कायम गर्नुपर्ने, अस्थायी करारमा काम गरेका कर्मचारीलाई एकपटक उमेरको हद नलाग्ने गरी सिमित प्रतियोगिताबाट स्थायी गर्ने र स्थायी हुन नसक्ने कर्मचारीलाई तोकिए बमोजिमको सुविधा दिएर अवकाश दिने, राजपत्रांकित विशिष्ट श्रेणी अधिकृत तेहौं  र अधिकृत चौधौं तहको पदमा ६ बर्ष सेवा अवधि कायम गर्ने तर अधिकृत चौधौं तहको पदमा ४ वर्ष मात्र वहाल रहने, सहायक तहको पदमा बढुवाको लागि योग्य हुन ३ वर्ष र अधिकृत तहको पदमा बढुवाको लागि योग्य हुन ५ वर्ष सेवा अवधि भएको हुनु पर्ने लगायतका विषयहरु समावेश गरी राष्ट्रिय सभाबाट संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक पारित हुनेछ भन्ने आशा एवम् विश्वास लिएका छौं ।

अन्तमा, नेपाल निजामती कर्मचारी संगठनले गर्ने गरेका विविध गतिविधिहरुले पेसागत क्षेत्रमा सकारात्मक प्रभाव पार्ने र संगठन गतिशिल बनाउछ भन्ने विश्वास लिइएको छ ।केन्द्रीय कार्य समितिको तर्फबाट सार्वजनिक गरिएका विविध कार्यक्रमहरुलाई प्राथमिकताका साथ प्रशारण, प्रकाशन तथा सम्प्रेषण गरी दिनु हुन आम सञ्चारकर्मी मित्रहरुमा हार्दिक आग्रह र अनुरोध गर्दछौं । धन्यवाद ।

हार्दिक अभिवादन सहित ! जय संगठन

रामचन्द्र अधिकारी
महासचिव